मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १२ गते बिहीवार (Thursday, March 25. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफूलाई उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु चैत्र १५ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.G. सम्मका नानीहरूका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४९२५९७२९, ९८४१८९७४४७, ०२३-५४२६४७

Best Future Montessori School & training center, Birtamod–06

# कनकाई देशकै उत्कृष्ट नगरपालिका

**झापा, चैत ११।** कनकाई नगरपालिका देशकै उत्कृष्ट नगरपालिका भएको छ ।

उत्कृष्ट नगरपालिका घोषणा भएसँगै प्रधानमन्त्री केपी शर्मा ओलीले कनकाई नगरपालिकासहित तीन वटा स्थानीय तहलाई उत्कृष्टताको प्रमाणपत्र समेत प्रदान गरेका छन् ।

नेपाल नगरपालिका संघको २८औं बार्षिक साधारणसभाको अवसरमा प्रधानमन्त्री ओलीले कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेल र उपप्रमुख मञ्जु प्रसाईलाई उत्कृष्टताको प्रमाणपत्र प्रदान गरेका हुन् । कनकाईसहित रुपन्देहीको तिलोत्तमा र स्यांञ्जाको वालिङ नगरपालिकालाई विभिन्न सूचकका आधारमा उत्कृष्ट घोषणा गरिएको छ । तीन वटै नगरपालिकाहरुलाई वातावरण, सुशासन र वित्तीय क्षेत्रमा उत्कृष्ट काम गरेको भन्दै पुरस्कृत गरिएको हो ।

यसैबीच प्रधानमन्त्री ओलीले समारोहलाई सम्वोधन गर्दै केन्द्र, प्रदेश र स्थानीय सरकारबीच तालमेल मिलाएर काम गर्नुपर्ने बताएका छन् । बुधबार नगरपालिका संघको कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले केन्द्रको गच्छे अनुसार स्थानीय तहलाई सहयोग पुर्‍याउन कुनै कसर बाँकी नराख्ने बताए । तर, ७० प्रतिशत बजेट स्थानीय तहले माग गर्नु उचित नभएको प्रधानमन्त्रीको भनाइ छ ।

'७० प्रतिशत बजेट स्थानीय तहमा भनेको सुन्दा अलिकति मिलेन कि जस्तो लाग्छ । ७० प्रतिशत बजेट दिएर त्यहाँ ओछ्याउने हो र ? त्यत्ति बजेट



त्यहाँ पठाएर केन्द्र, प्रदेशले के गर्छन् ?' केन्द्र सरकारले गरेको बजेट खर्च पनि स्थानीय तहकै विकासमा जाने उनले बताए ।

प्रधानमन्त्री ओलीले केन्द्रले स्थानीय तहको अधिकार नखोस्ने पनि बताए । 'अधिकार कसले, किन खोस्छ ? प्रधानमन्त्रीले खल्तीमा हालेर त्यसको व्याज पाउँछ ? स्थानीय तहका अधिकारहरु खोसेर आफ्नो टेबलमा राख्यो भने फूलदानी हुन्छ ? सजिन्छ त्यो ? केही पनि हुँदैन । हामी सबैले मिलेर आ-आफ्ना ठाउँबाट देशको विकास गर्नुछ । पक्ष-बिपक्ष हामी हैनौं, छैनौं । मेयरको ठाउँमा मेयर हुन्छ, प्रधानमन्त्रीको ठाउँमा म हुन्छु । त्यहाँ पनि अलि-अलि मतभेद छ । त्यो मिल्दै जान्छ ।'

संघीयता कार्यान्वयनकै अभ्यासमा भएको भन्दै ओलीले समयक्रममा समस्या हल हुँदै जाने बताए । 'हामीले भर्खर यो अभ्यास शुरु गरेका छौं । नयाँ अभ्यास भएको हुँदा एकैपटक हुँदैन । बच्चा जन्मँदै नाच्ने, गाउने हुन्छ र ? यो पनि त्यस्तै हो'- उनले भने- 'यो समस्या त तल पनि छ । वडाध्यक्षको आफ्ना गुनासा छन्, उपमेयरका गुनासा छन् । यो समस्या अभ्यासबाट परिमार्जित हुने क्रम मात्रै हो । प्राप्त उपलब्धिहरुको रक्षा गर्दै जाने हो ।'

पुँजीगत खर्च गर्ने क्षमता स्थानीय तहमा नभएको प्रधानमन्त्रीको भनाइ छ । 'जहाँसुकै पुँजीगत खर्च गर्ने राष्ट्रिय कमजोरी हो । क्षमता भएको ठाउँमा त खर्च भएको छैन नभएको ठाउँमा... थुपारेर राखेर के गर्नुछ र ? पुँजीगत खर्च भएन भने विकास भएन'- ओलीले भने'- त्यसैले अधिकारको चिन्ता नगरे हुन्छ । समयक्रममा हुँदै जान्छ । तर, त्यसको सही प्रयोग गर्न सक्नुपर्छ'- उनले भने ।

नगरपालिका बीचमा राम्रा कामका लागि प्रतिस्पर्धा हुनुपर्ने पनि प्रधानमन्त्रीको भनाइ छ । कोभिड-१९ को अवधिमै स्थानीय तहको औचित्य र आवश्यकता पुष्टि भएको प्रधानमन्त्री ओलीले बताए । 'स्थानीय तहको औचित्य, आवश्यकता यसै देखिएको थियो । कोभिड-१९को समयमा स्थानीय तहको आवश्यकता, औचित्य र त्यसको प्रभावकारिताको प्रत्यक्ष अनुभव गर्न पायौं'- प्रधानमन्त्रीले स्थानीय तहले गरेका कामको प्रशंसा गर्दै भने ।

# कोरोना महामारी रोक्न संरचना तयार गर्न सुझाव

**काठमाडौँ, चैत ११।** प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समिति अन्तर्गत उपसमितिले सङ्क्रामक महामारी भविष्यमा आउन सक्ने सम्भावनालाई ध्यानमा राखी उपचार र नियन्त्रणका लागि सबै प्रदेश र केन्द्रमा आवश्यक सुविधासहितको संरचना तयार गर्न सुझाव दिएको छ ।

कोभिड-१९ का सम्बन्धमा सरकारले गरेका काम कारबाहीको अनुगमन गर्न गठित उपसमितिले समिति समक्ष आफ्नो प्रतिवेदन पेश गर्दै प्रत्येक अस्पतालमा सङ्क्रामक रोग सम्बन्धी निश्चित शय्याको एकाइ व्यवस्था गर्न सुझाव दिएको हो ।

सिंहदरबारमा बुधवार बसेको समितिको बैठकमा उपसमितिका संयोजक जीवनराम श्रेष्ठले सभापति जयपुरी घर्तीलाई अध्ययन प्रतिवेदन हस्तान्तरण गरे । कोभिड-१९ नियन्त्रण तथा रोकथाम गर्न सरकारले चालेको कदमको स्थलगत अनुगमन तथा निरीक्षण गरी उपसमितिले १८ बुँदे सुझाव समितिसमक्ष पेश गरेको संयोजक श्रेष्ठले जानकारी दिए ।

प्रतिवेदनमा निजी तथा सरकारी अस्पतालमा अक्सिजन प्लान्ट राख्ने व्यवस्था मिलाउनुपर्ने र भएका प्लान्ट निरन्तररुपमा चालू राख्ने, सङ्क्रामक तथा अन्य रोगका बारेमा जनस्तरमा निरन्तररुपमा जनचेतना विकासको अभियान सञ्चालन, हाल स्वास्थ्य सेवामा दुर्गम र सुगम सम्बन्धी नीति यथावत् भएकाले विषयविज्ञ चिकित्सकको अभाव देखिएकाले चिकित्सक बढुवा प्रणालीमा सुधार तथा अस्पतालमा दरबन्दी अनुसार जनशक्ति व्यवस्थापन गर्न सुझाव दिइएको छ ।

खुला सीमा भएका ठाउँमा सङ्क्रामक लगायत रोग सम्बन्धी जाँच गर्न स्थायी स्वास्थ्य परीक्षण केन्द्रको व्यवस्था, प्रादेशिक अस्पताल प्रदेशले नै सञ्चालन तथा केन्द्र, प्रदेश र स्थानीय तह अन्तर्गत सबै अस्पताल र स्वास्थ्य केन्द्र सञ्चालनका लागि स्पष्ट नीति ल्याउन पनि उपसमितिले सुझाव दिएको छ । प्रादेशिक र जिल्ला अस्पताललाई भेन्टिलेटरसहितको सघन उपचार कक्षलगायत सेवा प्रदान गर्ने गरी सुविधासम्पन्न बनाउनुपर्ने, प्रादेशिक अस्पतालमा सबै रोगको उपचार हुने गरी क्षमता अभिवृद्धि गर्नुपर्ने, कारागारलाई मानवीय वातावरणसहितको बस्ने स्थिति निर्माण गरी सङ्कामक रोग तथा अन्य स्वास्थ्य समस्यामा उपचार तथा व्यवस्थापनका लागि छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा समेटिएको छ ।

निजी अस्पतालमा स्वास्थ्योपचारमा समरुपता कायम गरी दरसम्बन्धी नीति निर्माण गरी लागू गर्नुपर्ने, जनस्तरमा महामारी र विपत्‌जस्ता अवस्थामा स्थानीय तहको भूमिका सबैभन्दा बढी हुने भएकाले तिनको क्षमता अभिवृद्धि गर्नुपर्ने, सङ्क्रामक रोगको उपचार, रोकथाम र नियन्त्रणका लागि विद्यमान कानून अपुग भएको हुँदा तीन तहको राज्यको संरचनालाई ध्यान दिन सो सम्बन्धी छुट्टै ऐन ल्याउनुपर्ने सुझाव दिइएको छ ।

यस्तै सर्वसाधारण नागरिकका लागि कोभिड-१९ को खोप वितरण कार्यक्रम सरल र प्रभावकारी बनाई यथाशक्य चाँडो खोप उपलब्धताको सुनिश्चिता गर्न तथा छिमेकी देशमा कोरोनाको लहर पुनः बढ्दो क्रममा देखिएकाले सरकारले पनि सो

(बाँकी अन्तिम पृष्ठमा)

## भारतमा कोरोना वृद्धिः सतर्कता खोई ?

**झापा, चैत ११।** समितिका सभापति घर्तीले उपमितिबाट प्राप्त प्रतिवेदनमाथि छलफल गरेर आवश्यक कारवाहीका लागि सरकारलाई निर्देशन दिइने बताए ।

उपसमितिको प्रतिवेदन अध्ययनका लागि समिति सदस्यलाई उपलब्ध गराइएको छ । बैठकमा समितिका सदस्यले छिमेकी भारतसँगै विश्वका कतिपय मुलुकमा फेरि कोरोना महामारीको लहर शुरु भएकाले तत्काल सतर्कता अपनाउन सरकारको ध्यानाकर्षण गराउनुपर्नेमा जोड दिएका थिए ।

समितिका सदस्य गजेन्द्र महतले कोरोना महामारीलाई आतङ्कका रुपमा लिन नहुने तर आवश्यक उच्च सतर्कता अपनाउनुपर्ने बताए । अर्का सदस्य हितबहादुर तामाङले भारतमा कोरोना सङ्क्रणमको दर उच्च रहेको खबर सार्वजनिक भइरहेकाले नेपाल

(बाँकी अन्तिम पृष्ठमा)

# रहिनन् गिरिराजकुमारी



**झापा, चैत ११ ।** प्रजातान्त्रिक समाजवादका योद्धा तथा नेपाली कांग्रेसकी नेतृ गिरीराजकुमारी प्रसाईंको निधन भएको छ । उनको ९० वर्षको उमेरमा मंगलवार राति निधन भएको हो ।

प्रजातान्त्रिक समाजवादका योद्धा तथा लोकतान्त्रिक आन्दोलनका आर्दश नेताका रुपमा परिचित स्व. सीके प्रसाई (भरतवाबु)की श्रीमती गिरिराजकुमारीको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचारका क्रममा निधन भएको नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले जानकारी दिए ।

सीके प्रसाईसँगै राजनीतिमा होमिएकी गिरिराजकुमारी २०५१ सालको आम निर्वाचनमा झापा साविक क्षेत्र नं. २ बाट संसदीय निर्वाचनमा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रतिष्पर्धा गरेकी थिइन् । वीरता लेडी जेसीज बिर्तामोडले केही समय अघि मात्रै प्रसाईलाई उत्कृष्ट नारीको रुपमा सम्मान गरेको थियो ।

स्व. प्रसाईको जन्म १९८८ साल कात्तिक १७ गते ललितपुरको कुमारीपाटीमा बुबा क्या. गञ्जबहादुर र आमा चन्द्रकुमारी कार्कीका १३ सन्तानमध्ये माइँली छोरीका रुपमा भएको थियो । स्व. प्रसाईका छोरा बिबेककेशरी, बुहारी संगीता, छोरीहरू रमिता र नम्रता रहेका छन् ।

प्रसाईको निधनप्रति नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा, झापाका सभापति थापासहित विभिन्न संघ-संस्था र व्यक्तिले दुःख व्यक्त गर्दै शोकाकुल परिवारमा समवेदना व्यक्त गरेका छन् । दिवंगत प्रसाईको कन्काई माईमा अन्त्येष्टि गरिएको पारिवारिक श्रोतले जनाएको छ ।

# १३ जनामा कोरोना संक्रमण

**झापा, चैत ११।** प्रदेश नं. १मा गएको २४ घण्टाको अवधिमा १३ जनामा कोरोना सङ्कमण देखिएको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार उक्त अवधिमा ३२२ जनाको पीसीआर परीक्षण गरिएकामध्ये सात पुरुष र छ महिला गरी १३ जनाको रिपोर्ट पोजेटिभ आएको हो ।

सङ्क्रमित हुनेमा विराटनगरका महानगरपालिका-१०, सुनसरीको इनरुवाका दुई र धरानमा एक पुरुषमा रहेका

(बाँकी अन्तिम पृष्ठमा)

# माई नगरमै पहिलोपटक सडक कालोपत्रे हुँदै

**बिमल दहाल**

**इलाम, चैत ११।** माई नगरपालिकामा झापाबाट इलाम जोड्ने बिर्तामोड-दानाबारी-चिसापानी-इलाम सडक कालोपत्रे बन्न शुरु भएको छ ।

पूर्वाधार विकास कार्यालय भद्रपुर झापाको आयोजनामा शुरु भएको कालो पत्रे माई नगरकै पहिलो कालोपत्रे हो । हिम्धुङ्ग एण्ड थोकर कन्स्ट्रक्सन प्रालि धापासी काठमाडौले ४५ करोड ४७ लाख १५ हजार ८ सय १९ रुपैयाँ ६० पैसामा ठेक्का लिएको सडक लोदिया खोलाबाट माई-४ शुक्रबारेसम्मको ६ किलोमिटरमा कालोपत्रेको लेवलिङ्गको काम भइरहेको हो । कालोपत्रेको शुरुवातसँगै स्थानीयबासी हर्षित भएका छन् भने गुणस्तरहीन बन्ने हो कि भनी निगरानी गर्न चनाखो भएका छन् ।

आगामी २०७९ असार मसान्तसम्ममा सम्पन्न गरिने सम्झौता रहेको सडकको शुक्रबारेबाट सुखानीसम्मको ८ किलोमिटरमा भने जंगल क्षेत्र रहेकाले काममा ढिलाइ भएको बताइएको छ ।

बन क्षेत्रमा बाटो बिस्तार गर्न नेपाल सरकारको स्वीकृति ढिला हुँदा काममा ढिलाइ भएको ठेकेदार कम्पनीले जनाएको छ । ७ मिटर चौडा रहेको कालोपत्रे पहिलो चरणमा बुढीसुखानी देखि लोदिया

(बाँकी अन्तिम पृष्ठमा)

# जनगणनाका लागि प्रशिक्षक प्रशिक्षण

**झापा, चैत ११।** राष्ट्रिय जनगणना २०७८ का लागि प्रदेश नं. १ स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम शुरु भएको छ ।

इलाम, पाँचथर, ताप्लेजुङ र झापाका गरी ८५ जनालाई भद्रपुर नगरपालिकास्थित कलबलगुढी प्रशिक्षण केन्द्रमा तालिम शुरु भएको हो । तालिममा झापाका ४३, इलाम, पाँचथर र ताप्लेजुङका ४२ उच्च मावि, माविका शिक्षक, स्थानीय तहका शिक्षा अधिकारीहरू र अन्य अधिकृतहरू सहभागी रहेको जिल्ला जनगणना कार्यालय चन्द्रगढीका प्रमुख चूडामणि लुइँटेलले जानकारी दिए ।

तालिम संयोजक केन्द्रीय तथ्याङ्क विभागका निर्देशक तथा जनगणना २०७८ का राष्ट्रिय प्रशिक्षक ज्ञानेन्द्र बज्राचार्यसहित छ जना प्रशिक्षक रहेका छन् । उनले विराटनगरमा १० जिल्लाका १७१ र भद्रपुरमा ८५ जनालाई तालिम दिइरहेको बताए ।

उनका अनुसार प्रदेशस्तरीय मुख्य प्रशिक्षण तालिम यही चैत ९देखि १५ गतेसम्म चल्नेछ, स्थानीय जनगणना अधिकारीलाई चैत १९ देखि २५ गतेसम्म प्रदेशस्तरीय तालिम प्रदान गरिनेछ । तालिम प्राप्त प्रशिक्षकबाट नै सुपरीवेक्षकलाई वैशाख १६देखि २२ सम्म र गणकलाई वैशाख १७ देखि २२ गतेसम्म जिल्लास्तरीय तालिम प्रदान गरिने बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

पानीट्याङ्की भारतको सेवा काँकरभिट्टाबाट

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरू उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

**कर्मचारी आवश्यकता**

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः कम्प्युटर अपरेटरः १०-२० जना

योग्यताः कम्प्युटर चलाउन दक्ष, अंग्रेजी, बोल्न र लेख्न सक्ने

तलबः १८,०००देखि २०,०००सम्म

सम्पर्कः **हान हाई इन्टरनेशनल ट्रेड कम्पनी लि.**, बिर्तामोड, भद्रपुररोड उर्वसी चौक

मो. ९७४२५४७५२५, ९८१७०९८७८८

**खुशीको खबर ! खुशीको खबर !!**

**निःशुल्क मानसिक सेवा स्वास्थ्य शिविर**

यही मिति २०७७ साल चैत १४ गते शनिवारका दिन

वरिष्ठ मानसिक, नशा तथा लागूऔषध रोग विशेषज्ञ

**डा. आभाष निरौला**द्वारा

एक दिने निःशुल्क स्वास्थ्य परीक्षण एवम् परामर्श सेवा

प्रदान गरिने कार्यक्रम रहेको हुँदा बेलैमा लाभ उठाउनुहन सबैमा अनुरोध गर्दछौं ।

**डा. आभाष निरौला**

M.B.B.S. (B.P.K.I.H.S., Dharan)
M.D. (PSYCHIATRY), PGIMER, CHANDIGARH
NMC-11985

**परीक्षण तथा उपचार हुने रोगका लक्षणहरू**

- आलस्यता, निरास हुने, शंका गर्ने तथा नकारात्मक सोच आउने ।
- घब्राहट, छटपटी हुने, डर लाग्ने, टोलाउने, मुटुको ढुकढुकी बढ्ने ।
- आफै हाँस्ने, आफै बोल्ने, रिस धेरै उठ्ने
- नशा झम्झमाउने
- बिर्सने रोग
- निद्राका समस्याहरु (निद्रा नलाग्ने इत्यादि)
- टाउको दुख्ने, चक्कर लाग्ने, मृगी (छारे) रोग
- लागू पदार्थ/रक्सी सेवनको समस्या
- यौन दुर्वलता (Sex) मा समस्या

अग्रिम नाम टिपाउनु होला, टेलिफोनबाट समेत नाम टिपाउन सक्नुहुनेछ ।

**प्रान्जल क्लिनिक (प्रान्जल फार्मेसी)**

बिर्तामोड, झापा (अदुवा पुल छेऊ)

फोन नं. ०२३-५४४८२२, ९८४२६५४३२४

Email: purwanchal2052@gmail.com / purwanchal@ntc.net.np URL : purwanchaldaily.com

# कर बुझाइँदैः जग्गा कहाँ छ, थाहा छैन

**दिलकुमार लिम्बू**

**फुङ्लिङ, चैत ११।** नेपाल खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी शाखा ताप्लेजुङको नाममा १५० रोपनीभन्दा बढी जग्गाको मालपोत कार्यालयमा कर तिर्ने काम हुँदै आएको छ, तर जग्गा कहाँ कसले भोगचलन गर्दै आएको छ, कार्यालयसँग कुनै तथ्याङ्क छैन । कम्पनीको नाममा चार स्थानीय तहमा विभिन्न स्थानमा जग्गा छ भनिए पनि कहाँ छ भन्ने कम्पनीसँग कुनै जानकारी छैन ।

कागजी स्रेस्ता अनुसार मालपोतमा राजश्व बुझाउने काम भने खाद्य संस्थाको जिल्ला कार्यालयले गर्दै आएको कम्पनीको ताप्लेजुङ शाखा प्रमुख तुलमाया लोवाले बताइन् । सदरमुकाम फुङ्लिङमा तीन रोपनी एक आना दुई पैसा एक दाम जग्गा छ । यहाँ कम्पनीको गोदाम घर र कार्यालय सञ्चालन भइरहेको छ । केही खाली क्षेत्रमा कर्मचारीले बेला-बेलामा सागसब्जी रोप्दै आएका छन् । एक हजार ५७५ नम्बरको एउटै कित्ता रहेको स्रेस्तामा उल्लेख छ ।

मैवाखोला गाउँपालिकामा दुई कित्ता जग्गा छ । तीन सय ७१ कित्ताको दुई रोपनी १४ आना तीन पैसा दुई दाम र ३६९ नम्बरको कित्तामा ११ आना तीन पैसा तीन दाम जग्गा रहेको कार्यालयले जनाएको छ । सबैभन्दा बढी जग्गा आठ राई त्रिवेणी गाउँपालिका तीन हाङ्पाङमा छ । यहाँ छ कित्ता जग्गा रहेको संस्थाले जनाएको छ । ७८ नम्बर कित्तामा १४ रोपनी १३ आना २ दाम, २१३ नम्बर कित्तामा नौ रोपनी एक दाम दुई पैसा, २१४ नम्बर कित्तामा पाँच रोपनी नौ आना, ८९ नम्बर कित्तामा १२ रोपनी आठ आना दुई पैसा दुई दाम, ११५ नम्बर कित्तामा ११ रोपनी १५ आना तीन पैसा दुई दाम र ४४२ नम्बर कित्तामा ११ रोपनी १४ आना तीन पैसा जग्गा रहेको स्रेस्तामा उल्लेख छ ।

आठराई त्रिवेणी गाउँपालिकामा ६५ रोपनी जग्गा कम्पनीको नाममा छ । सो जग्गा कसले भोग चलन गर्दै आएको छ भन्ने तथ्याङ्क नभएको कम्पनीको शाखा कार्यालयका प्रमुख लोवाले बताइन् । जग्गाको स्रेस्ता छ तर जग्गा कहाँ छ कुनै पत्तो छैन । उनले भनिन्- केही जग्गा पत्ता लागेको छ । बाँकी खोजी भइरहेको छ । अहिलेसम्म मालपोतमा तिरो तिर्ने काम मात्रै भइरहेको लोवाले बताइन् ।

कम्पनीको जग्गा फक्ताङ्लुङ गाउँपालिका-३ लिङ्खिमको सिंवा बजारमा ३६३ कित्ता नम्बरको दुई आना एक पैसा दुई दाम देखिएको छ । खाद्य कम्पनीको गोदाम बेवारिसे अवस्थामा छ । फक्ताङलुङ गाउँपालिका-३ खेजिनेमा ४३ रोपनी तीन आना एक दाम जग्गा कम्पनीको नाममा रहेको छ । ३८ कित्ता नम्बर जग्गामा २४ रोपनी आठ आना तीन दाम जग्गा संस्थानको नाममा रहेको छ ।

७५ कित्ता नम्बर जग्गामा तीन रोपनी एक आना दुई पैसा तीन दाम संस्थानको नाममा रहेको छ । तीन सय ३७ कित्ता नम्बर जग्गामा चार रोपनी छ आना तीन पैसा तीन दाम संस्थानको नाममा रहेको छ । एक सय ३४ कित्ता नम्बर जग्गामा ११ रोपनी दुई आना संस्थानको नाममा जग्गा रहेको तथ्याङ्क छ ।

**कसरी प्राप्त भयो ?**

यो कम्पनी नेपालकै जग्गाको हिसाबले धनी कम्पनी हो । कम्पनीको पहाडदेखि तराईसम्म जग्गा प्रशस्त छ ।

वि.सं. २०३७ सालतिर खाद्य ठेकेदारमार्फत गाउँ-गाउँमा खाद्य संस्थानको चामल बिक्री वितरण हुने गर्थ्यो । ठेकेदारले गाउँघरको जग्गाको धनी पूर्जा खाद्य संस्थानको कार्यालयमा धितो राखेर चामल आवश्यकता अनुसारको कार्यालयबाट चामल लिएर ठेक्का गरेको कम्पनीका प्रमुख कार्यालय काठमाडौंका सम्पत्ति विभाग प्रमुख माधव अर्यालले बताए ।

**कसको जग्गा खाद्य कम्पनीका नाममा**

ताप्लेजुङमा पहिलो नापनक्सा हुँदा खाद्य संस्थानको नाममा सदरमुकाम फुङ्लिङ-५मा कम्पनीको कार्यालय रहेको तीन रोपनी एक आना दुई दाम एक पैसा जग्गा जिल्ला नापी कार्यालयको अभिलेखमा छ । जिल्लामा पहिलोपटक २०४६ सालमा नापी भएको थियो । वि.सं. २०४६ वैशाख १८ गते जग्गा नापनक्सा भएर खाद्य संस्थानको नाममा गएको नापी कार्यालयको अभिलेख छ ।

त्यस्तै मैवाखोला गाउँपालिका-४ साविक हाङपाङ-७ मा ३६९ र ३७१ किता नम्बरको जग्गा ४८/३४ बैठक नम्बरको निर्णयले २०५८ पुस २ गते ताप्लेजुङ जिल्ला अदालतको चलानी समेतबाट डिल्लीरमणको जग्गा खाद्य संस्थानको नाममा गएको जिल्ला मालपोत कार्यालयको अभिलेखमा जनाएको छ ।

आठराईत्रिवेणी गाउँपालिका-४ साविक हाङपाङ-७ मा रहेको जग्गा ७८, २१३ र २१४ कित्ता नम्बरको जग्गा २०४८ साउन ७ गते नन्दकुमारी लिम्बूको खाद्य संस्थानको नाममा आएको अभिलेखमा जनाइएको छ । उनानब्बे हजार ११५ र ४४५ कित्ता नम्बरको जग्गा २०५० पुस ९ गते सुमित्रा लिम्बूको जग्गा खाद्य-संस्थानको नाममा आएको जिल्ला अदालतको अभिलेखमा जनाएको छ ।

फक्ताङ्लुङ गाउँपालिका-२ साविक लिङ्खिम-९ मा ३६३ कित्ता नम्बरको जग्गा २०४९ साल असोज १३ गते भीमप्रसाद बरालको जग्गा खाद्य संस्थानको नाममा पास भई आएको नापी कार्यालयको अभिलेखमा जनाएको छ । साथै, फक्ताङ्लुङ गाउँपालिका-२ साविक खेजेनिम-८ मा ६८ हजार ७५ र ३३६ कित्ता नम्बरको जग्गा २०६० वैशाख १६ गते डम्बरबहादुर लिम्बूको नाममा रहेको जग्गा खाद्य संस्थानको नाममा आएको अभिलेखमा छ । त्यस्तै हस्तबहादुर कार्कीको कित्ता नम्बर १३४ जग्गा २०६० वैशाख १६ गते खाद्य संस्थाको नाममा आएको जिल्ला मालपोत कार्यालय ताप्लेजुङले जनाएको छ ।

कम्पनीको नाममा रहेको जग्गा भोगचलन हुँदै आए पनि कम्पनीको नाममा जग्गा हो भनेर अहिलेसम्म थाहा नभएको फक्ताङ्लुङ गाउँपालिका-२ का वडाध्यक्ष हर्कसिंह पराजुलीले बताए । आफ्नो वडामा कम्पनीको जग्गा रहेको छ भन्ने आफूले समेत जानकारी नभएको पराजुलीले बताए । जग्गा भए पनि गाउँ छाडेर तराईतिर बसाइँ गएको मैवाखोला गाउँपालिकाका उपाध्यक्ष कौशिला लिम्बूले बताइन् ।

# विपन्न आवास कार्यक्रमले छोएन महतोलाई

**आत्माराम राजवंशी**

**गौरीगञ्ज, चैत ११।** खरको छाना- त्यो पनि वर्षामा पानी चुहिने । ५ धुर जग्गामा बाँस र कर्चीले बनाएको टाटीमा माटोले लिपेर बनाएको घर । उमेरले ८० कटेका धनीलाल महतो-त्यही घरका घरमुली हुन् ।



गौरीगञ्ज गाउँपालिका -३ हुक्कागाछीका महतो त्यही घरको छानामुनि रात बिताएको कैयौं बर्ष भयो । तर, खरको छाना विस्थापित गरी जस्तापाता लगाउने सरकारको अभियानले उनलाई छोएको छैन ।

स्थानीय सरकारले उनको पक्की घर निर्माण गरिदिने भनी नाम टिपेर लग्यो । नाम पनि छनौट भयो तर ५ हजार रूपैयाँ अपुग भएपछि उनको नाम रद्द गरी अर्कैको नाममा घर पऱ्यो । उनले दुःखेसो पोख्दै भने- 'घर निर्माणका लागि २५ हजार रूपैयाँ माग्यो । ऋण गरेर जसोतसो २० हजार रूपैयाँ जुटाएँ, पाँच हजार रूपैयाँ पुगेन ।

त्यतिकैमा मेरो नाममा आएको घर रद्द गरी अर्कैको नाममा गरियो । 'विपन्न आवास कार्यक्रम अन्तर्गत गौरीगञ्ज गाउँपालिकाले २ लाख ५० हजार रूपैयाँमा साझेदारीमा घर निर्माण गर्न उनको नाम छनौट गरेको थियो । रकम अपुग भएपछि उनको साटो अर्कैको नाममा घर दिएको वार्ड नं. ३का अध्यक्ष मखना महतोले जानकारी दिए ।

गौरीगञ्ज गाउँपालिकाको १ लाख २५ हजार रूपैयाँ, १ लाख रूपैयाँ ह्याविट्याट फर ह्युमानिटी, सहारा नेपालको प्राविधिक सहयोग र २५ हजार उपभोक्तासहितको लगानीमा विपन्न आवास कार्यक्रम अन्तर्गत घर निर्माण गर्न उनको नाम छनौट भएको थियो । आफ्नो नाममा आएको घर अर्कैलाई दिएको थाह भएपछि रूनु न हाँस्नुभयो । मलिन स्वरमा उनले भने- 'शरीर त्यति चल्दैन । काम गर्ने अवस्था पनि छैन । घर कहाँबाट बनाउनु ? यही झुप्रोमा बसेर बाँकी जिन्दगी बिताउनु छ । 'छोरा बुहारी भए पनि उनीहरू मोरङमा बस्दै आएका छन् । उनी अहिले एक्लै त्यही झुप्रोमा बस्दै आएका छन् ।

उनलाई पछिल्लोपटक सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत टिनको छानाका लागि ५० हजार रूपैयाँ दिने निर्णय भई नाम छनौट भएको वडाअध्यक्ष महतोले बताए ।

कोठा भाडामा बसेको बर्षौं भइसक्यो गौरीगञ्ज गाउँपालिका-३ हुक्कागाछी बस्ने संगीता महतोको । उनलाई पनि सरकारको विपन्न आवास कार्यक्रम अभियानले छोएको छैन । गाउँघरको छरछिमेकले घर पाएको, जस्तापाता पाएको र घर निर्माणका लागि बजेट पाएको सुन्दा मन विरक्तिएको संगीताले सुनाइन् । 'जसोतसो १० धुर जग्गा किनेको छु । त्यही जग्गामा घर निर्माणका लागि पटक-पटक वार्ड कार्यालयलाई भने पनि कुनै सुनुवाई भएन' - उनले दुःखेसो पोखिन् । २ वटा नानी भएकी संगीताको श्रीमान् दीपक महतो ज्यालादारीमा काम गर्छन् ।

गौरीगञ्ज-३ हुक्कागाछीकी सुशिल्यादेवी महतोको पनि घर छैन । उनी छोराबुहारीसँगै बस्छिन् । उमेरले ६८ पुगेकी सुशिल्याको एउटा बस्ने सानो घर भइदिए आनन्दसंग बस्ने धोको छ । घरजग्गा केही छैन उनको नाममा- उनकी बुहारी सुनीताले भनिन् - सासूआमालाई सानो भए पनि घर भए राम्रो हुन्थ्यो ।'

गौरीगञ्ज गाउँपालिकाले विपन्न आवास कार्यक्रम अन्तर्गत ४० वटा घर निर्माण गर्ने गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले बताए । जसमध्ये वार्ड नं. ३मा ११ वटा, वार्ड नं. ४ मा १४ वटा र वार्ड नं. ५ मा १५ वटा घर निर्माण हुने प्रक्रियामा छन् ।

त्यसैगरी सांसद कोष पूर्वाधार कार्यक्रम अन्तर्गत ४८ लाख रूपैयाँमध्ये ३८ लाख रूपैयाँ विपन्न आवास कार्यक्रममा छुट्याइएको अध्यक्ष श्रेष्ठले जानकारी गराएका छन् । उनका अनुसार वार्ड नं. ६ मा ८ वटा, वार्ड नं. ३मा ५ वटा र वार्ड नं. ५ मा ३ वटा गरी १६ वटा घर निर्माण प्रक्रिया रहेको छ ।

# पत्रकार नेपाललाई पितृशोक

**गौरादह, चैत ११।** नेपाल पत्रकार महासंघ झापाका साधारण सदस्य तथा पर्दाफास अनलाइन न्युज पोर्टलका सम्पादक सान नेपाललाई पितृशोक परेको छ ।



गौरादह नगरपालिका वार्ड नं. १ सनराइज टोल निवासी पत्रकार नेपालका बुवा ज्योतिषाचार्य पण्डित गेहनाथ नेपालको ९१ बर्षको उमेरमा बुधबार निधन भएको हो ।

गेहनाथ फोक्सो सम्बन्धी समस्याबाट पीडित थिए । करिब १५ दिन अगाडि बिहान नुहाउने क्रममा बाथरुममा लडेर तिघ्रा र ढाडमा समस्या देखिएपछि उनलाई उपचारका लागि दमकस्थित निम्स अस्पतालमा भर्ना गरिएको थियो । त्यहाँ उपचार सम्भव नभएपछि उनलाई थप उपचारका लागि बिराटनगरस्थित नोबेल अस्पताल लगिएको थियो ।

नोबेल अस्पतालमा उपचारका क्रममा उनको बुधबार निधन भएको थियो । मृतक गेहनाथकी एक श्रीमती, ४ छोरा र ३ छोरी रहेका छन् । पत्रकार शान नेपाल पर्दाफास डटकम मिडिया नेटवर्क प्रालिका प्रकाशक सम्पादक हुन् । लामो समयदेखि गौरादह क्षेत्रमा पत्रकारिता गर्दै आएका नेपाल मिडिया नेपाल प्रदेश नं. १का प्रदेश सदस्य हुन् ।

## भारतमा ...

सरकारले रोकथामका लागि तयारी तीव्र पार्नुपर्नेमा जोड दिए । सांसदले सर्वसाधारणमा जनचेतना फैलाउनुपर्ने, सबै नेपालीलाई कोरोनाविरुद्धको खोप सुनिश्चितता गर्नुपर्ने, अग्रपङ्क्तिमा काम गर्ने तथा जोखिम समूहलाई तत्कालै खोप लगाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराएका थिए ।

## कोरोना ...

सम्बन्धी आवश्यक सतर्कता अपनाउनका लागि कदम चाल्न पनि उपसमितिले सुझाएको छ ।

गत भदौ ९ गते बसेको समितिको बैठकले कोरोना भाइरस नियन्त्रण गर्न सरकारबाट भएका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी सुझाव प्रदान गर्न समितिका सदस्य श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय उपसमिति गठन गरेको थियो । उपसमितिमा सांसद अञ्जना विशङ्खे, एकवाल मियाँ, तिलबहादुर महत क्षेत्री, नमिताकुमारी चौधरी, सन्तकुमार थारु र सरिता न्यौपाने सदस्य थिए ।

समितिले भदौ १२देखि कार्य प्रारम्भ गरेको थियो । उपसमितिले सरकारी अस्पताल, प्रतिष्ठान, निजी अस्पताल, क्वारेन्टिन, आइसोलेशन, कोभिड-१९सँग सम्बन्धित प्रयोगशाला, सम्बन्धित चिकित्सक, स्वास्थकर्मी, सुरक्षाकर्मी, कोरोना सङ्क्रमितको उपचारमा संलग्न जनशक्ति र सरोकार पक्षसँग छलफल गरेको थियो ।

उपसमितिले प्रदेश सरकार, विभिन्न जिल्लामा क्रियाशील जिल्ला सङ्कट व्यवस्थापन केन्द्र, कोभिड डेडिकेटेड अस्पताल, सङ्घीय सरकारअन्तर्गतका अस्पताल, प्रदेश सरकार मातहतका अस्पताल, शिक्षण अस्पताल, क्वारेन्टिन, आइसोलेशन सेन्टर, कारागारलगायतको स्थलगत अवलोकन गरेको थियो ।

## माई नगरमै ...

बगैंचाशेरोसम्म १४ दशमलव ७ किलो मिटर सम्पन्न गरिने भौतिक पूर्वाधार मन्त्रालय प्रदेश नम्बर १ कार्यालयले जनाएको छ ।

२०१७ सालमा तत्कालीन वडाहाकिम सन्तबीर लामाले ट्याक्सी चढेर इलाम गएको बाटो बिभिन्न कारणबाट ओझेलमा पर्दै गएको थियो । इलामबाट छोटो दूरीमा झापा जान सकिने बाटोको कालो पत्रे भएपछि आवागमनमा सहज हुने स्थानीयले बताएका छन् ।

## १३ जनामा ...

छन् । प्रदेश नं. १मा हालसम्म दुई लाख २८ हजार ८६२ जनाको पीसीआर परीक्षण गर्दा ३० हजार ३०७ जनामा कोरोना सङ्क्रमण देखिएकामध्ये २९ हजार ७ सय ९७ जना निको भएका छन् ।

यसैगरी प्रदेशमा ४४ जना आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ । सङ्क्रमण देखिएकामध्ये अहिलेसम्म ४६६ जनाको मृत्यु भएको छ । प्रदेशमा कोभिड-१९ विरुद्धको खोप दुई लाख ९८ हजार ८ सय ५३ लाई लगाइएको छ ।

## जनगणनाका ...

राष्ट्रिय जनगणना २०७८ देशभरका नेपालीको घरदैलोमा निश्चित समयभित्र पुगी सबै घर, अक्सर बसोबास गरेका परिवार तथा व्यक्तिहरूको विवरण सङ्कलन र सङ्कलित विवरण प्रशोधन एवम् प्रकाशन गर्ने बृहत् राष्ट्रिय कार्यक्रम हो । नेपालमा जनगणना १९६८देखि शुरु भएको हो । वि.सं. २०७८मा सञ्चालन हुने जनगणना नेपालको बाह्रौँ तथा देशको सङ्घीय संरचनापछिको पहिलो जनगणना हो ।


## शुद्धिशान्ति कार्यमा सहभागी भइदिनका लागि निमन्त्रणा

मेरी बुहारी/मेरी पत्नी/हाम्री ममतामयी माता तथा भाउजु **देवीमाया तिम्सिना**को यही मिति २०७७ साल चैत ३ गते मंगलवारका दिन गोलोक गमन भएको यही चैत १२ गते विहीवारका दिन १०औं पुण्यतिथि पर्न गएकोले सम्पूर्ण तिम्सिना बन्धुहरुलाई उक्त दिन विहान ११:०० बजे गहुँत ग्रहण गर्न र शुद्धिशान्ति कार्यमा सहभागी भई दिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।



**सासूआमाः नरमाया तिम्सिना** **पतिः विष्णुप्रसाद तिम्सिना**

**छोराबुहारी**
**दीपेन्द्र तिम्सिना/अनिमा तिम्सिना**
**घनश्याम तिम्सिना/पुष्पा तिम्सिना**
**मुकेश तिम्सिना**

**देवर/देउरानी**
**बिनोद+पद्मा तिम्सिना**
**ध्रुव तिम्सिना**

एवम् **समस्त तिम्सिना परिवार**

**बिर्तामोड १, अतिथि सदन रोड, झापा (९८४२६२३७२३, ९८०७९२९९०५)**




## बिर्तामोड नगरपालिका-५ बस्ने कमल मैनाली र गीता थापा मैनालीको नाममा जारी गरिएको १५ दिने सूचना

**झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ५स्थित रविना राजभण्डारीको नाममा दर्ता रहेको साविक अनारमनी-३ हाल बिर्तामोड-५ पर्ने कि.नं. २२६को ज.बि. १०५.८१ जग्गामा बनेको तीन तले पक्की घरको दोस्रो तलामा मिति २०७०।०५।१० गतेदेखि मासिक भाडा रु. ९००० (नौं हजार) तिरेर बस्दै आएकोमा मिति २०७७।१०।२९ गतेका दिनदेखि घर भाडा नतिरी सम्पर्कविहीन भएको हुँदा निज घरधनी रबिना राजभण्डारीले २०७७।११।०२ का दिन यस कार्यालयमा घरभाडा बुझाई घरखाली गराई पाउँ भन्ने निवेदन दर्ता गरे बमोजिम तपाई कमल मैनाली र गीता थापा मैनालीको नाममा १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त घर के कति कारणबाट बन्द गरिएको हो, बाटोको म्याद बाहेक १५ दिनभित्रमा लिखित जवाफ दिनुहुन जानकारी गराइन्छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।**

**बिर्तामोड नगरपालिका ५ नं. वडा कार्यालय**
**बिर्तामोड, झापा**

## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा (प्रदेश नं. १, नेपाल)**

## सूचना ! सूचना !! सूचना !!!

**कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी** DCCMC (District Covid-19 Crisis Management Center) **झापाको मिति २०७७।१२।१० निर्णय बमोजिम तपशिल अनुसार गर्न गराउन हुन नगरवासीहरुमा बिर्तामोड नगरपालिका हार्दिक अनुरोध गर्दछ ।**

**तपशिल**

१) कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै नजिकिंदै गरेको फागू पूर्णिमा (होली पर्व)मा भीडभाड नगर्न नगराउनुहुन ।
२) कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुका ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी व्यवसाय सञ्चालन गर्न गराउनुहुन ।
३) स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी भीडभाडमा जाँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन ।

**गणेशप्रसाद दाहाल : प्रमुख प्रशासकीय अधिकृत**

## कर्मचारी आवश्यकता

**यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड, शनिश्चरे एरियामा विहान पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकोले आफ्नै साइकल भएका स्थानीयले तु-सम्पर्क गर्नुहोला ।**

**१) तलबः आपसी समझदारीमा**
**२) समयः विहान ५-७:३० बजेसम्म**

**सम्पर्कः ९८१६९८१०१७, ९८४२६९६११२**

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

**यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।**

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।१२।१२ | ११ केभी बजार फिडर | कन्काई रोड, सुब्बा चौक, महानन्द चौक र माता मन्दिर आसपासका क्षेत्रहरु | विहान ७:०० बजेदेखि दिउँसो ३ बजेसम्म | विद्युत लाइन मर्मत तथा पोल स्थानान्तरण सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

**नेपाल विद्युत् प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

## कर्मचारी आवश्यकता

**यस जनश्रुति महिला बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७७/१२/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार, उक्त संस्थामा व्यवस्थापक पदको लागि व्यवस्थापकको पदपूर्तिका लागि तपसिलको योग्यता भएका नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले ६ दिन यानिकी २०७७/१२/१३ भित्र दरखास्त आहवानको सूचना गरिदिनु हुन अनुरोध छ ।**

**पद : व्यवस्थापक**
**योग्यता :** स्नातकोत्तर
**कार्यअनुभव :** सहकारी वा बित्तीय संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव प्राप्त
**उमेर :** २० वर्ष पूरा गरी ३५ वर्ष ननाघेको
**तलव सुविधा :** आपसी सहमतिबाट तय गरिने
**अन्य सुविधा :** संस्थाको नियमानुसार
**नोट :** स्कुटर तथा मोटरसाइकलको लाईसेन्स प्राप्त भएको महिला प्रतिनिधिलाई विशेष प्राथमिकता
**आवेदन :** दस्तुर ५००।-

**सम्पर्क : ०२३-५३५०५१, ०२३-५९०१९३**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# लापरवाही नगरौं

**जिल्ला कोभिड–१९ संकट व्यवस्थापन केन्द्र झापाले होली पर्व भीडभाडरहीत मनाउन निर्देशन दिएको छ । सांस्कृतिक पर्व होली तराईको ठूलो पर्वमध्ये एक हो । तर, पछिल्लो समय होली सांस्कृतिकभन्दा बढी अनुकरण, उच्छृंखल बन्दै सामाजिक मर्यादा उल्लंघन गर्ने अवसरका रुपमा स्थापित हुन थालेको छ । यसको सांस्कृतिक पक्ष र महत्वसँग अनभिज्ञ नयाँ पुस्ताले यसलाई मनोरञ्जन र मर्यादाको सीमाबाट मुक्त, स्वच्छन्द र भद्दा प्रदर्शनको विषय बनाउन थालेको छ । यद्यपि प्रत्येक होली पर्वअघि स्थानीय प्रशासनले मर्यादा उल्लंघन नगर्न सचेत गर्ने गरेको छ, तर यसकै निहुँमा वादविवाद मात्र होइन हिंसात्मक गतिविधि पनि हुने गरेका छन् । तर, यसपटकको परिवेश र परिस्थिति भिन्न छ अर्थात् एक वर्षअघि वैश्विक महामारी कोभिड–१९ को कारण सरकारले बन्दाबन्दी घोषणा गर्दै अकाल मृत्युको जोखिमबाट मुक्त रहन, स्वास्थ्य मापदण्डको पालना गर्न प्रहरी नै परिचालन गरेको थियो ।**

**विगत एक वर्षदेखिको आतंक केही मत्थर हुँदै जाँदा नेपाली जीवन लयमा फर्किन थालेको थियो । लामो समयदेखि बन्द रहेको औद्योगिक, शैक्षिक, व्यवसायिक तथा व्यापारिक प्रतिष्ठानहरु सुचारु पनि भएका छन् । स्वास्थ्य मन्त्रालय र जनस्वास्थ्यविद्हरुले जोखिम निर्मूल भएको नठान्न चेतावनी दिँदादिँदै पनि सरकारले नै मापदण्डको अवज्ञा गर्दै ठूला–ठूला सभा सम्मेलन र भेलाको आयोजना गर्न थालेपछि आम नागरिकको बुझाइमा कोभिड–१९ निर्मूल भयो । प्रत्येक दिन घट्दै गएको संक्रमणको तथ्यांकले पनि अब कोभिड–१९ को त्रासदी सकिएको देखाउँदै थियो । तर, यही समय छिमेकी देश भारतमा कोभिड–१९ को दोस्रो लहर शुरु भएको छ । दुई महिनाअघि कूल संक्रमित दश हजारमा झरेको भारतमा अहिले झन्डै पचास हजार दैनिक संक्रमित हुन थालेका छन् । त्यसकै कारण भारतका केही राज्यको सीमावर्ती क्षेत्रमा आवागमनमा कडाइ गर्न थालिएको छ ।**

**भारतको बढ्दो संक्रमणबाट डराइहाल्नु पर्ने अवस्था नभए पनि सजग र सचेत रहन भने जरुरी छ । किनकि घट्दो संक्रमणको दर फेरि उकालो चढ्न थालेको छ । हात धुने, मास्क लगाउने, भौतिक दूरी कायम गर्ने जस्ता जनस्वास्थ्यका मापदण्ड कडाइका साथ लागू गर्नुपर्ने अवस्थाप्रति बेखबर बन्नु प्रत्युत्पादक हुन्छ । हाम्रो असावधानीले आफू मात्र होइन समाज, समाजको जीवन, जनजीविका र देशको अर्थतन्त्र थप प्रभावित बन्न सक्छ । त्यसैले सार्वजनिक स्थल, सभा–समारोह, भीडभाड हुने कुनै पनि प्रकारका गतिविधिहरुलाई बन्देज लगाउनु पर्दछ । जनस्वास्थ्यको मापदण्ड पहिले आफ्ना लागि हो, त्यसपछि परिवार, समाज र राष्ट्रका निम्ति भन्ने हेक्का राख्ने हो भने कोभिड–१९ र यसबाहेकका विपदाहरुबाट मुक्त हुन सकिन्छ । सानो लापरवाहीले संक्रमण अनियन्त्रित हुनसक्छ त्यसैले जिल्ला प्रशासनको निर्देशनको कडाइका साथ पालना गरौं, निगरानी र नियन्त्रण गर्नेतर्फ सजग रहौं ।**

# सर्वसत्ताधिकार निम्ति राष्ट्रिय राजनीतिक स्वामित्वको बलि नचढाइयोस्



नकुल काजी

उहिले-उहिलेकै लय र छन्दसँग प्रकारान्तरले मिल्दोजुल्दो सत्ताशक्तिको क्रूर दम्भी प्रकोपमा परी जीवन दैनिकीको चालू अवस्था भिमलाउने त्रास कतै र कतै आफूमा निहित स्वार्थ उकासिने आशले जन-समाजलाई 'चूपचाप बाहूआना-हल्ला गरे चारआना' उखानको गर्तबाट उक्सिन नदिएको हुन सक्तछ। यो नेपाली मान्छेको वंशानुगत मनोविज्ञान, त्यसबाट पूर्णतः प्रभावित प्रवृत्ति र समय (time)-को सर्बव्यापी स्वभाव पनि हो। र, यस्तै परम्परागत कुल्चाइ भोग्दै आएको नेपाल भूमिमाथि उभिने हरेक 'सत्ता'-ले भरिसक्के 'सर्वसत्ता'-को माखेसाङ्लो उपस्थापना गर्न प्रेरित हुनपर्दो हो। त्यसो भए अहिले नेपाललाई जता लगिँदैछ यसलाई अनौठो मान्नुभन्दा पूर्वदीप्ति (flash back)-मा मनन गर्ने हो भने, अनौठो नमान्न र 'नौलो'नठान्न सकिन्छ।

वर्तमान नेपाली इतिहासको दुत्कार्य पृष्ठ बनेको राणाकालका शासक श्री ३ हरुमध्ये अधिकांशले आफ्ना आशे-पासे-कराँसेमध्येका चाकरीबाज, चुक्लीबाज, नैतिक चरित्रहीन-स्वाभिमानहीन, पट्टावाल अन्धभक्त, कमाउकान्ते चारित्रिक मनुवाहरुलाई मात्र भारदार-आठपहरियामा दर्ज गरेका हुन्थे र तिनका स्वामी-भक्तिलाई नै स्वामी श्री ३ हरु आफ्नो शासकीय 'सर्वतोमुखी सफलता' मान्थे। शासकले देश-दुनियाँका अवस्था-दुरावस्थाका प्रति ध्यान दिने, न्याय-अन्याय र होचो-अर्घेलोको निष्पक्ष निदान गरी समाधान दिने अभिभावकीय कर्त्तव्य निर्वाह गर्नु पर्दछ भन्ने श्री ३ हरूमध्ये कसैलाई पनि जानकारी नै थिएन। यो नेपाली इतिहासको त्यस कालखण्डको वयाननिश्रित तथ्य नै हो।

**राणा शासनकालको एउटा यस्तो प्रतिनिधि–कथा नै पनि छ :**

एउटा कुनै श्री ३ आफ्ना भारदार-आठपहरियाहरूको लावालस्करका साथ राजधानी आसपासको कुनै जंगलमा शिकार खेल्न गएको थियो अरे। त्यहाँ उसका आँखा एउटा काङ्लाङ्कुङ्लुङ बाङ्गो रूखमा परेछ र भनेछ– 'हेर त कति सोझो रूख। हाम्रो राज्यमा यस्ता सोझा रूख पनि छन् भने हामीले कति समृद्धि ल्याएका रहेछौं, तिमीहरू नै भन त।' भारदारहरूले उछिन्-पाछिन् गर्दै भने– 'मुनासिब हुकुम भो प्रभु ! प्रभुबाट हुकुम भएपछि पो हाम्रा आँखाले यो रूखलाई उधुमै सोझो देखे। प्रभुका नजर सरह दिव्य दृष्टिशक्ति भएका नजर संसारमा अरु कसैको छैन प्रभु !'.... अर्थात्, अहिले नेपालको कार्यकारी शासकीय शिविर उल्लेखित कथा पुनरावृत्त गर्दै त्यही गन्तव्य तय गर्नेतिर लक्षित छ कि भन्ने आधारभूत शंका दैनन्दिन उपस्थापित भइरहेका घटनावलीका दृश्य-परिदृश्यहरूले जन्माइरहेका छन् !

हुन त अशोभनीय आत्मश्लाघी, अहंकारी , छद्मजाली, खुराफाती, सक्कली सामन्ती अवधारणाले निर्देशित, सत्ताधिकारमा जाने शून्य कोशे ढुङ्गोमा उभिएका बेला आफूले अख्तियार गरिराखेको शासकीय राजनीतिक दर्शन अनुकूल कर्त्तव्य निर्वाह गरेर देशलाई समृद्ध र देशवासीलाई सुखी बनाउने किरिया खाई बाचा गर्ने अनि सत्ताधिकार हत्याइसकेपछि त्यही सत्ताधिकारको मातको दुर्व्यसनी बनी दम्भले अन्धाधुन्ध देश र देशवासीका प्रति निस्पृह भई 'सर्वसत्ता'-को पूर्वाधार तैयारीमा आफू र आफ्ना बाहेक देश-दुनियाँ खौरिने राष्ट्रिय अगुवा नेपालमा मात्र थिए र छन् भन्ने होइन। बीसौं शताब्दीको मध्यकालयता नै दादा इदी अमीन ( युगाण्डा), निकोलाई चाउचेस्कु (रुमनियाँ), सद्दाम हुसेन (इराक), परवेज मुसर्रफ (पाकिस्तान)प्रभृत्ति इतिहासका दुर्भाग्यपूर्ण पानामा आकृत छन्। साम्यवादको बर्को ओडेर सर्वसत्ताको अभ्यासमा २४ वर्षसम्म एकलौटी रुमानियाँको राष्ट्रपति पद कब्जा गरी जहानियाँ (?– नेपाली राणा शासक झैं !!) कम्युनिस्ट शासन हाँक्ने चाउचेस्कुको त नामसम्म लिन अहिले कम्यूनिस्ट वंशीय धर्म र आदर्शका प्रति आत्मनिवेदित पंक्तिका महामान्य कमरेडहरु घिनाउँछन् भनिन्छ। अतः विश्व-इतिहासमा पुराना-नयाँ थुप्रै एकाधिपत्य शासन गर्ने पात्रहरु हुँदाहुँदै नेपाली राणा शासकका चरित्र, सोच र शासकीय शैलीलाई प्राथमिकतामा किन ल्याइयो भने त्यो प्रवृत्तिलाई वर्तमान नेपालका कार्यकारी शासकहरूका चलखेलमा 'सक्कल बमोजिम नक्कल' पुनरावृत्त हुन गइरहेको त होइन ? भन्ने आधारभूत आशंकाले आकार लिँदै गएको crow) जो बालीनालीको बचाउ गर्न चराचुरुङ्गी तर्साउने प्रयोजनमा राखिन्छ, तर त्यही बाली खाएर अघाएका चराचुरुङ्गी त्यसकै टाउकोमा बस्छन् र बिस्ट्याउँछन्। उपल्लो नेतृत्वको कलहकै कारण अहिलेको प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस उसले तर्साउनुपर्ने पक्षको छायाँमा, तर्साउन असमर्थ परम्परागत विश्वासको, बुख्याँचा बनेको छ।

अर्को माओवादी केन्द्र नामक टुट्ता-टुट्ता अब प्रमुख नेता पुष्पकमल दाहाल 'प्रचण्ड'-का निम्ति अंशभाग लागेको टुक्रो मानों प्राइभेट लिमिटेडको रूपमा अस्तित्वमा छ– अस्ति फागुन ११ गते यता ! यो केन्द्र समेत सगोल नेपाल कम्युनिस्ट पार्टी (माओवादी)-ले शासन पद्धतिमा समूल परिवर्तन ल्याउने नाममा २०५१ सालदेखि लगभग ११ वर्ष नारेको जनयुद्धको आतंकी मनोविज्ञानले बिथोलेको जन-भावभूमि सङ्लो पार्न सकेको छैन। त्यति मात्र होइन, परापूर्वकालदेखि नेपाली जनमनले अटुट र स्निग्ध विश्वास गर्दै आएको नेपाली सेनासँग, आफू प्रधानमन्त्रीको शक्तिमा आसीन हुँदा, 'प्रचण्ड'-ले सिङ जोड्ने दुस्साहस गरेको घटना नेपाली जनताले पटक्कै ठीक मानेका थिएनन् र त्यो घटनाबाट खुद उनी (प्रचण्ड) र उनले नेतृत्व गरेको पार्टीका प्रतिको भाषाले भन्ने हो भने, मधिसे जात-जातिले पुस्तैनी भोगिआएका राजनीतिक र सामाजिक कोप-भाजनको पीडा शमन गर्ने नै मधेस-राजनीतिको मुख्य लक्ष्य रहिआएको बुझिन्छ भनेर स्पष्ट नभन्नु न्यायसंगत हुँदैन।

अर्को चर्चामा अस्तित्व स्थापित राष्ट्रिय प्रजातन्त्र पार्टीले आँकिरहेको उद्देश्यलाई खोला, नदी, सागर इत्यादि हुँदै महासागरमा समाहित पहाडी झरनाको पानी पुनः झरनामै फर्काउने दुष्प्रयासको संज्ञा दिनु यो वर्तमानमा उपयुक्त नठहर्ला भन्न सन्देह राख्नुपर्ने देखिँदैन। यसबेला संघीय लोकतान्त्रिक गणतन्त्ररूपी नौका विहारलाई निर्विकल्प सुखदायी मानिरहेका विभिन्न पार्टीभित्रको ठुस्काठुस्की-तनाउ र अन्तरपार्टी कलहले सबै वर्गका नेपालीमा असन्तोष मात्र बढाएको छैन, जीवन-दैनिकी दैनन्दिन झनझन कष्टकर बन्दै गएको छ। र, यसरी उत्सर्जित असन्तोषलाई आफ्नो पार्टीको पक्षमा ल्याउन बिर्सिसकेको विगत हुकुमीकालको मशाने सन्नाटासँग जोखेर हिंड्नुमै राप्रपाले अधिक समय खर्चिरहेको देखिन्छ। यस्तो निस्पन्द विकल्पका कुरा युगान्तक परिवर्तनले हाँकिरहेको यो समय-सन्दर्भमा सार्थक प्रभावीरूपमा स्थापित हुन संभव हुने आशा साह्रै झीनो ठहर हुन्छ। यस अर्थमा यो पार्टीले पनि राष्ट्रिय स्तरको




छ। सत्ताशक्तिको पृष्ठपोषणमा विधि-विधान छलेर ऊर्जा थपिइँदै गएका नाङ्गा दृश्यहरुले के बताइरहेका छन् भने– अब सिंहदरवारबाट 'सिंहमेव जयते'-को राष्ट्रिय नीति-परिचायक नारा नै गर्जेर देशवासीतिर प्रक्षेपण गर्ने दुर्भाग्यका दिन आए पनि देशवासीले कुनै तातोपानी लाउनसक्ने आधार यो वर्तमानले कहीँ-कतै दिने आशा गर्नु व्यर्थ छ। त्यसो त तातोपानीले आगोले जत्ति नै पोल्छ, आगोबाल्न सक्ने त होइन नि !

किनभने–

'जनता' कहीँका पनि आफू संगठित हुँदैनन्। तिनलाई सम्बन्धित पार्टीहरूले अवस्था-अवस्थामा संगठित गरी राज्यको अर्घेल्याइँहरू विरुद्ध खबरदारीमा उपयोग गर्नुपर्ने क्षमता राजनीति-शास्त्रकै अपेक्षा हो। तर, नेपाली राजनीतिक पार्टीमा जेठो, वर्तमान संसदीय पार्टीको वरीयतामा दोस्रो ठूलो पार्टी मात्र होइन, देशको इतिहासका स्तुत्य पन्नामा लेखिएका अनेक परिवर्तनकारी घटनामा अग्रणी नेतृत्वदायी पार्टी नेपाली कांग्रेस अहिलेको राजनीतिक अभ्यासको समग्रतामा एउटा **बुख्याँचा**भन्दा जीवित अवस्थामा आँक्न लायक नै नरहेको यथार्थ लुकाएर लुक्तैन। बुख्याँचा (scare-नकारात्मकताको खाटा नेपाली मन-मस्तिष्कमा मेटिएको छैन। यसबाट पार्टीलाई भएको घाटालाई साख गिर्नुको अर्थमा लिन सकिने अवस्थामा छँदैछ।

मधेसमार्गी पार्टी-संगठनहरु उनका वृत्तका जन-समाजका सतहमा कतै आलोच्य छैनन्, भलै उनीहरूको भाषा-भूषा र जीवनशैली नेपाली सनातनी मौलिकताको सहधर्मी नहुनुमा देखिने जातीय वैभिन्न्यलाई राजनीतिक र सामाजिक धरातलमा समेत अन्यथा ठान्ने अन्याय हुँदै आएको छ। यसरी जातीय र क्षेत्रीय पूर्वाग्रहको प्रकोप सँधै खप्नुपरे तापनि भर-अभरमा उपयोग हुने अतिरिक्त बाध्यताबाट मुक्त छैनन् मधेसमार्गी पार्टी तथा संगठनहरू। 'अतिरिक्त बाध्यता' के मानेमा भने उनले अख्तियार गरिराखेको वृत्त त्यसमा अँटाएका जनमनको अपेक्षाले अनुबन्धित छ उनको राजनीति, जुन स्वाभाविक हो। र, त्यो जन-अपेक्षा पूरा गर्नु उनीहरूको थप अतिरिक्त बाध्यता बोकेका छन् उनीहरूले। यस भनाइका पृष्ठपोषक प्रकरीहरू निकै छन्। त्यसैकारण मधेस-मुद्दा बाहिरका विषयमा मधेसमार्गी पार्टी-संगठनहरूको ताउरमाउन मनग्गे नदेखिनु अन्ततः उनीहरूको रणनीतिक खुम्च्याइ नै हो। जम्मैमा, सोझो निर्णयमा अहम् भूमिका राख्ने कुरा स्वयम् झीनो छ– कतै साक्षीसम्ममा पत्याइए धन्य भन्नुपर्दो हो।

अतः मोटामोटी उपर्युक्त अवस्थाले वर्तमान राज्यसत्ताका कार्यकारीलाई स्वेच्छाचारी हुने मार्ग प्रशस्त (traffic clear) गरेको हुन सक्तछ, जुन मार्गमा निर्बाध हिंड्न पाउँदा ऊ सर्वसत्ताधारी गन्तव्य तय गर्न समेत प्रेरित होस्। राज्यसत्ताको कार्यकारीले स्वेच्छाचारी हुन पाएपछि त्यो हैसियत बँचाइ राख्न बाह्य शक्तिको चलखेलले सहाराको रूपमा स्वागत पाउनु ठूलो आश्चर्यको विषय नै होइन। यसै पनि नेपाल ठूल्ठूला छिमेकी देशका भूगोलले बाँधिएको 'मध्यवर्ती राज्य' ( buffer state) त हुँदै हो भने सहयोगापेक्षु अवस्थाबाट स्वावलम्बी नबनेसम्म धनी राष्ट्रहरुका प्रभावबाट मुक्त पनि छैन। यस्तो अक्करिलो भू-राजनीतिका अतिरिक्त थप आफ्नो गरिबी र पछौटेपनले दपेटेको निउँमा देशको कार्यकारी अख्तियारशालीले सर्बसत्ताको स्वाद र स्वार्थमा मोहित हुँदा नै राजनीतिक स्वामित्वको सवाल अन्योलग्रस्त भएका घटना अनेक छन्। अहिले देशभक्त नेपालीमा त्यस्तो अनपेक्षित भविष्यको चिन्ता टुसाउन थालेको छ। चेतना भया।....

# लकडाउनमा आपतकालीन कार्य व्यवस्थापन



दिपक दास

विश्व भर फैलिएको कोरोना महामारी कोभिड-१९ चीन को बुहानबाट शुरु भई संसारभर फैलियो। चीनमा हजारौंको संख्यामा देखिएको कोरोना भाइरसको रोकथाम तथा न्यूनीकरण गर्न शुरु भएको लकडाउन कायम भएका विश्वभरिका प्रमुख शहर विश्व मानचित्र नै लकडाउनमा फस्यो। विश्वभर लकडाउन पालना भएका शहरका दृश्य विश्व एउटा गाउँ भइसकेको परिपेक्षमा सबैलाई सहज उपलब्ध हुने सञ्चार, इन्टरनेटले सबल तुल्याइदियो। विश्वभर सुनसान, सन्नाटा छाएको कोभिड-१९ को महामारी अबको नयाँ विश्व इतिहासको वा यस शताब्दी कै प्रमुख चुनौती बन्न सफल भयो।

विभिन्न देशमा भएका लकडाउनले मानव जीवनमा परेको प्रत्यक्ष र अप्रत्यक्ष असरको लेखाजोखा राख्न समेत राख्न चुनौती बनेको वर्तमान अवस्थामा लकडाउनले पुऱ्याउने आर्थिक, समाजिक, राजनीतिक असरको कल्पना पनि विश्व मानचित्रमा बर्षैसम्म रहने दुईमत छैन। लकडाउन भएसँगै छिमेकी देश भारतबाट हजारौं यात्री पैदल यात्राबाट गन्तव्य स्थान पुगे, नेपालको राजधानीबाट सिराहा, सप्तरीसम्म पैदल आएका यात्रीको कथा-व्यथा हामीलाई थाह छ। लकडाउनले पुऱ्याएको असर सँगै नेपालमा संक्रमित मृत्युवरण गर्नेको संख्या ३५०० काटे।

मानिसहरुमा विद्यमान मनोवैज्ञानिक त्रासले डेरा जमाएको वर्तमान परिस्थितिमा उच्च मनोबलका साथ अघि बढ्न समेत चुनौती हुँदै गएको थियो। अस्पताल, सार्वजनिक बिद्यालय, भवनहरु क्वारेन्टाइन बनेका थिए। हजारौंको संख्यामा भारत तथा तेस्रो मुलुकबाट आएका क्वारेन्टाइनमा बस्नुपर्ने अवस्था विद्यमान थियो। कोरोना सचेतना सँगसँगै संक्रमितलाई उपचारका लागि लैजाने र पीसीआर र आरडिटी टेस्टमा लैजानुपर्ने अवस्था थियो ।

लकडाउनले वातावरणमा राम्रो प्रभाव परे सँगै विभिन्न कारण वंश आत्महत्या गर्नेको संख्यामा पनि वृद्धि भएको छ। कोरोनाले आर्थिक, सामाजिक र मनोवैज्ञानिक असरका परिणामहरु समाजमा देखिन थाले। क्वारेन्टाइनमा बसेर निरोगीको प्रमाणपत्र लिई आफ्नो बासस्थान पुग्दा समेत सामाजिक बहिष्कारको समेत शिकार व्यहोर्नु परेको थियो। लकडाउनसँगै मानिसको दैनिक जीवनमा व्यापक परिवर्तन भएका छन्। लकडाउन शुरु भएसँगै बीच बाटोमा फसेका, लकडाउन बीचैमा खुलिहाल्छ कि भनेर काठमाडौं लगायत देशैभरि एक ठाउँबाट अर्को ठाउँ सँगसँगै भारत र तेस्रो मुलुकबाट स्वदेश फर्किने, फर्कँसँगै क्वारेन्टाइनमा बस्नेको संख्या पनि हजारौं पुगेको थियो।



यसैबीच मानिसहरु सबै काम, व्यवसाय, आवत-जावतलाई बन्दाबन्दी स्थितिमा रहँदा दैनिकी जीवन कष्टकर बन्यो, बिरामी अस्पतालमा मानिसहरुले धेरै किसिमको समस्या भोग्नु पऱ्यो। लकडाउनलाई पालना गर्न नियम, कानूनहरु बने, स्थानीय सरकार, प्रहरी प्रशासनले नियम पालना गराउन अनेकौं तयारी र परिचालनको काम गरेको थियो । यसै सेरोफेरोलाई नियाली रहँदा म अभियान्ता/मानव अधिकारको क्षेत्रमा कार्यरत अधिकारकर्मी, सञ्चारकर्मी, स्वास्थकर्मी, अभियान्ता देशैभरि उल्लेखनीय काम गर्नुपऱ्यो।

म स्वयम् आपतकालीन प्रतिक्रिया केन्द्र (Emergency Response center) अभियानको एक हिस्सा बनी कार्यरत थिए। मानव अधिकारको अभियन्ता भएर क्रियाशील रहँदै गर्दा मानव अधिकारकर्मीको काम द्वन्द्व, न्याय र पीडितको वकालत र स्वतन्त्रताको सवालमा कार्य गरिरहँदाको समय र अहिलेको विश्व महामारीको समयमा समेत नागरिकको विभिन्न अधिकारका लागि न्यायमूलक समाजको निर्माणमा लाग्दै गर्दा वर्तमान विषम् परिस्थितिमा समेत अधिकारकर्मी, सञ्चारकर्मी र विभिन्न स्वयम्सेवी अभियान्ताले ज्यान जोखिममा राखी गरेको उद्धार, राहत, सूचना सम्प्रेषण, बिरामीको उपचारमा पहुँच अभिवृद्धि, स्वमसेवा, रगत अभाव न्यूनीकरण, लकडाउनमा फसेकाको यात्रा सहजीकरण, क्वारेन्टाइन र होल्डिन पोइन्टहरुको अवस्था, क्वारेन्टाइनमा विभिन्न संघ-संस्थाले उपलब्ध गराएका सामान, यातायात आवतजावत ठप्प भयेको अवस्थामा गरियेको कोरोनाविरुद्धको सहकार्य जस्ता कुराले नयाँ परिवर्तन, कार्यशैली सँगसँगै विगतका मूल्य-मान्यतालाई परिवर्तन गर्न नयाँ आयाम थपेको छ।

विश्वव्यापीरुपमा अभाव सृजना भयेको वर्तमान अवस्थामा सबै किसिमको अभियान्ताले पुऱ्याएको सेवा, सहकार्यले कोरोना महामारीविरुद्धको एकजुट भई लाग्न र समुदायमा राज्यका निकाय मात्र होइन अन्य सहोदर साझेदारी गर्ने व्यक्ति, संघ-संस्था, अभियानले समेत उल्लेखनीय काम गरेसँगै सरकारी पक्ष, गैरसरकारी पक्ष, निजी क्षेत्र लगायत मानव अधिकारको नयाँ पुस्ताले पुराना मूल्य-मान्यता, मानवअधिकारको परिभाषा, संकट व्यवस्थापनमा गरेको प्रयासलाई नयाँ पुस्ताले गरेको सकारात्मक परिवर्तनको रुपमा सबैले लिने छन्।

# रूपनारायण-पवित्रा प्रसाई स्मृति प्रतिष्ठानको स्थापना



**बिर्तामोड, चैत ११।** बिर्तामोड- ९ गरामनीमा रूपनारायण-पवित्रा प्रसाईं स्मृति प्रतिष्ठानको स्थापना गरिएको छ।

अमेरिकामा रहेका छोरा बुहारी नन्दिकेशर (नरेश) र सरिता प्रसाईंले दिवंगत मातापिताको नाममा पाँच लाख रुपैयाँको अक्षयकोष स्थापना गरी रूपनारायण-पवित्रा प्रसाईं स्मृति प्रतिष्ठानको स्थापना गराएका हुन्।

रूपनारायण-पवित्रा प्रसाईं स्मृति प्रतिष्ठानका अध्यक्ष कमलप्रसाद संग्रौलाको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन व्यवसायी कुलप्रसाद खरेलले गरेका थिए। कार्यक्रममा रूपनारायण-पवित्रा प्रसाईंका छोरा डिल्लीराम प्रसाईंले प्रतिष्ठान स्थापनाको उद्देश्यमाथि प्रकाश पारेका थिए।

उनले प्रतिष्ठानको कार्यक्षेत्र झापा जिल्लाभर रहने बताउँदै अक्षयकोषको ब्याजबाट वार्षिक रूपमा अपाङ्ग, असहाय, जेहेन्दार, गरीब, विपन्न तथा लक्षित वर्गका मानिसलाई पहिचान गरी सम्मान तथा पुरस्कार एवम् राहत प्रदान गरिने जानकारी दिए। रूपनारायण-पवित्रा प्रसाईं स्मृति प्रतिष्ठानका लागि नौ जनाको कार्यसमिति गठन गरिएको उनले बताए।

सोही कार्यक्रममा प्रतिष्ठानले सासु-ससुरालाई माया र सम्मान गर्ने, तर श्रीमानबाट प्रताडित एक महिलालाई उत्कृष्ट बुहारीका रूपमा सम्मान गरेको थियो। कार्यक्रममा उत्कृष्ट बुहारीका रूपमा बिर्तामोड-७ खालबाडीकी संगीता खबासलाई नगद चार हजार र सम्मानपत्र प्रदान गरिएको थियो भने परिवारका ज्येष्ठ दुईजना महिला सदस्यहरुलाई दोसल्ला ओडाएर सम्मान गरिएको थियो।

कार्यक्रममा पत्रकार गोपाल काफ्ले, शिक्षक लक्ष्मण शिवाकोटी, सामाजिक व्यक्तित्वहरु पूर्णप्रसाद ओडारी, टंक आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष संग्रौलाले प्रतिष्ठानलाई मजवुत बनाउन आठ जना दाजुभाइ सबैले सहयोग गर्ने, नाता सम्बन्धभित्रबाट कोषमा रकम थप गर्दै जाने र अग्रणी प्रतिष्ठान बनाउने योजना रहेको बताए।

# चिल्ड्रेन इन्भारोमेन्ट स्कूल एसीएसआइको सदस्य

**बिर्तामोड, चैत ११।** बिर्तामोड-१ स्थित चिल्ड्रेन इन्भारोमेन्ट स्कूलले एशोसिएसन अफ क्रिश्चियन स्कूल इन्टरनेशनल (एसीएसआइ)को सदस्यता प्राप्त गरेको छ।

अमेरिकाको कोलराडोमा मुख्य कार्यालय रहेको एसीएसआइमा विश्वका एक सय आठ वटा देशका २६ हजार स्कूल र ७६ वटा युनिभर्सिटी आवद्ध रहेको र तिनीहरु मध्ये नेपालको तर्फबाट पहिलोपटक बिर्तामोड-१ स्थित चिल्ड्रेन इन्भारोमेन्ट स्कूलले एसीएसआइको सदस्यता प्राप्त गरेको विद्यालयका संस्थापक प्रिन्सिपल सन्तोष सुब्बाले बताए।

एसीएसआइको सदस्यता प्राप्त गरेपछि चिल्ड्रेन इन्भारोमेन्ट स्कूलमा अध्ययन गरेका विद्यार्थी उच्च शिक्षा अध्ययनका लागि एसीएसआइको सदस्यता प्राप्त विश्वका एक सय आठ वटा देशका २६ हजार स्कूल र ७६ वटा युनिभर्सिटीमा भर्ना हुन सक्ने उनले जानकारी दिए।

एसीएसआइको सदस्यता प्राप्त स्कूल र युनिभर्सिटी र चिल्ड्रेन इन्भारोमेन्ट स्कूलबीच शैक्षिक सामग्री आदानप्रदान, सांस्कृतिक गतिविधी आदानप्रदान, विद्यार्थी-विद्यार्थीबीच आदानप्रदान, शिक्षक, विद्यार्थीलाई तालिम लगायत प्रदान गर्ने उनले बताए।

चिल्ड्रेन इन्भारोमेन्ट स्कूलले आफ्ना शिक्षक तथा विद्यार्थीलाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक गतिविधिमा सरिक गराई क्षमतावान बनाउन एसीएसआइमा आवद्ध भएको उनले जानकारी दिए।

# दुर्घटनामा घाइते

**पाँचथर, चैत ११।** पञ्चमी-यासोक सडकखण्ड अन्तर्गत फाल्गुनन्द-५ को सुलुम्फिमा ट्याक्सी दुर्घटना हुँदा इलाम फाकफोकथुम- ७ निवासी २२ वर्षीय पदम इम्सुहाङ गम्भीर घाइते भएका छन्।

मे१ज४१६ नम्बरको ट्याक्सी यासोकबाट दमक जाने क्रममा उकालो बाटोमा ब्रेक फेल भई पछाडि बग्दा सडकमा पल्टिएको प्रहरी चौकी फाक्तेपका इञ्चार्ज रामनारायण माझीले जानकारी दिए।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)





## नेपाली कांग्रेस

गाउँ कार्यसमिति, हल्दिबारी
हल्दिबारी, झापा

## प्रेस विज्ञप्ती

मिति २०७७/१२/०२ गते श्री लक्ष्मी माध्यमिक विद्यालय हल्दिबारी-३ मा बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले त्यस विद्यालयमा कार्यरत मावि तृतीय श्रेणीका शिक्षक रामप्रसाद घिमिरेलाई दरबन्दीसहित सरुवा गर्ने निर्णय प्रति नेपाली कांग्रेस गाउँ कार्यसमिति हल्दिबारीको गम्भीर ध्यानाकर्षण भएको छ। शिक्षा ऐन र शिक्षा नियमावली विपरीत फरक आस्थाका आधारमा नागरिकको मौलिक अधिकार समेत हनन् गरी गरेको निर्णयलाई प्रक्रियागत तरिकाले फिर्ता लिई लोकतान्त्रिक मूल्य र मान्यताको कदर गर्ने नेपाली कांग्रेस गाउँ कार्यसमिति हल्दिबारी आग्रह गर्दछ।

लोकतान्त्रिक नेतृत्वले सबैको आवाज बुझेर न्यायोचित ढंगले व्यवहार गर्नुपर्नेमा फरक विचारका आधारमा नागरिकका मौलिक अधिकारलाई दमन गरेकोले यस निर्णयबाट विद्यालय, विद्यार्थी, अभिभावकलाई नोक्सानी पुऱ्याएको छ। यस्ता ऐन, नियम तथा निर्देशिका विपरीत भएका निर्णयको विरोधमा आगमी दिनमा थप चरणबद्ध आन्दोलनका कार्यक्रम गर्ने अवस्था सृजना भएकोले आन्दोलनबाट उत्पन्न हुने शैक्षिक क्षतिका साथै विद्यालय, विद्यार्थी र अभिभावकमा पर्ने हानी-नोक्सानी समेत सम्बन्धित निकायले पूर्णरुपमा जवाफदेहिता लिनुपर्नेछ।

**दिलिपकुमार मावो : सभापति**


## विरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी**
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

## आवश्यकता

हार्डवेयरमा काम गरेको Account cum Markting १ जना चाहियो।
**योग्यता : - +२ Commerce**
– Sanitari पसलमा काम गरेको – VAT सम्बन्धी ज्ञान भएको
सम्पर्क: ९८५२६५१२७२

## मोटरसाइकल हराएको सूचना

यही मिति २०७७ चैत ७ गते बेलुका अन्दाजी ७ र ८ बजेको बीचमा शनिश्चरेरोड अतिथि सदन छिर्ने बाटोको मुखमा पार्किङ्ग गरी राखेको **प्रदेश नं. १०३-००१ प ०६७० नम्बरको २२० सिसिको रातो-कालो रंग**को बजाज पल्सर मोटरसाइकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

**लोकबहादुर विश्वकर्मा**
**मो. ९८१७०९२०३१, ९८१७०२६४१५, ९८२४३५४५२६**

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक उद्योगको लागि मार्केटिङ्ग सम्बन्धी ज्ञान भएका १० कक्षा उत्तीर्ण केही कर्मचारी आवश्यक भएको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**तलब : आपसी समझदारीमा**
**सम्पर्क : ९८१६०५२६५५**
*नोट: महिलालाई विशेष प्राथमिकता दिइनेछ।*

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## Kontrakt Courier Trans Air Courier

A Complite Solution For Courier & Logistics Service
Domestic &
International Courier Cargo Service.
**Branch Office**
Bhadrapur Road, Sanima Bank opposite
Birtamode, jhapa (**ph: 023-536735**)

## हाडजोर्नी तथा नसाका विरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय :** बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।
**लेखापाल : १ जना** **योग्यता : +२ पास (अनुभवी)**
**सेक्टरवान सेक्यूरिटी सर्भिस**, बिर्तामोड, झापा
**फोन: (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)**

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

**अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),**
**बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२**

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।







**ज्यो. मधुसूदन रिजाल**
**(स्वर्णपदक विजेता)**
**वैदिक ज्योतिष परामर्श केन्द्र**
**शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)**

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिवेश सामान्य रहे पनि मनको डरले भने सताउनेछ। ठूला व्यक्तिहरूसँग मतभेद रहनेछ। परिस्थितिवश सामान्य काममा बढी अलमल हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आफ्ना कमजोरी बाहिरिने भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। कर्मयोगमा लाग्दा राम्रो हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझतिर अध्ययनमा बाधा र काममा ढिलासुस्ती हुनाले पछि परिनेछ। साथीभाइको लहै-लहैमा लाग्दा दु:ख पाइएला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यापारमा लाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मेहनतको फल प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** साँझतिर निर्णायक मोडमा दुविधा उत्पन्न हुनेछ। तापनि साथीभाइको सहयोगले काम सम्पादन हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** मेहनतले सम्मानित स्थान दिलाउनेछ। मान-सम्मान प्राप्त हुनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई [redacted] निखार्ने अवसर प्राप्त हुनेछ। साँझतिर अवसर प्र[redacted] भए पनि अरूको भरपर्दा काम रोकिन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ।
[redacted]रिवारजनसँग भेटघाट हुनेछ। रमाइलो
[redacted] स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।
[redacted], झ, ञ, दे, दो, च, चि) -
[redacted]कमजोरीलाई सुधार गर्ने मौका छ। प्रेम र
[redacted] कसिलो हुनेछ। रमाईलो योजना रहला।